# लिखु तामाकोशी गाउँपालिका
Likhu Tamakoshi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
धोबी बजार, रामेछाप (Dhobi Bazaar, Ramechhap)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)


प.सं. (Ref. No.):- २०८२।८३

च.नं. (Dispatch No.): सूचना नं.: १६

मिति (Date):- २०८२।०७।२४

## स्थानीय विषयको पाठ्यपुस्तक निर्माण कार्यक्रमका लागि आशय पत्र पेश गर्ने सम्बन्धी सूचना ।।

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२४ गते

प्रस्तुत विषयमा यस श्री लिखु तामाकोशी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शखाअन्तर्गत चालु आ.व. २०८२/८३ को गाउँ सभाबाट (खर्च शीर्षक २२५२२ नेपाल सरकार- समानीकरण अनुदान, अक्षेरूपी रू ५००००० पाँच लाख) **स्थानीय विषयको पाठ्यपुस्तक तथा पाठ्य सामाग्री निर्माण** शीर्षकको विनियोजित कार्यक्रमलाई कार्यान्वयन गर्न यस गाउँपालिकाको स्थानीय पाठ्यक्रम ६-८ बमोजिम सम्पूर्ण विषयवस्तु समावेश गरी स्थानीय पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य पाठ्य स्रोत सामग्री निर्माण गरी शैक्षिक शत्र २०८३ बाट अनिवार्य रूपमा विद्यालयलाई वितरण गरी कार्यान्वयन गर्न सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार विज्ञ सेवाप्रदायक संस्थालाई सूचीकृत गरी कार्य संचालन गर्नुपर्ने निर्णयअनुसार **स्थानीय विषयको पाठ्यपुस्तक निर्माण** कार्यक्रमका लागि सम्बन्धित विज्ञ सेवा प्रदायक संस्थाहरू लाई तपशिल बमोजिमको कार्यक्रमका लागि आशय पत्र सहितको विस्तृत प्रस्तावना पत्र तयार गरी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नियमानुसार आशय पत्र पेश गर्न हुन जानकारीका साथ अनुरोध गरिन्छ ।

तपशिलः

| क्र. स. | कार्यक्रमको शीर्षक | रकम | कार्यक्रम संचालन प्रकृया | कैफियत |
|---|---|---|---|---|
| १. | स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक निर्माण र शिक्षक निर्देशिका (कक्षा ६-८) | ५,००,०००। | - तथ्याङ्क सङ्कलन लगायतका आवश्यक कार्यहरू।<br>- विषय शिक्षक/ विद्यालय प्र. अ. लगायत सरोकारवालाहरूको आवश्यकताअनुसार कार्यशाला मार्फत लेखन र सुझाव संकलन लगायतका सम्पूर्ण कार्यहरू।<br>- कक्षागत पाठ्यपुस्तकको मस्यौदा लेखन कार्य।<br>- मस्यौदामाथि सुझाव सङ्कलन कार्यक्रम।<br>- विभिन्न समितिहरूमा छलफल सिफारिस।<br>- कार्यपालिकामा पेश एवम् पारित। | |

*आवश्यक कागजातहरूः*

*- संस्थाका आवश्यक कागजातहरूः (संस्था दर्ता,नवीकरण, स्थायी लेखा नंम्बर, कर चुक्ता लगायतका अन्य कागजातहरू)*

*- कार्यक्रमको अनुमानित खर्च विवरण, विज्ञ, प्रशिक्षक, विषय विज्ञहरूको विवरण लगायत समग्र कार्यक्रमको रुप रेखा सहितको विस्तृत प्रस्तावना पत्र।*

*- संस्थाको निवेदन।*

२०८२।०७।२४

मातृका प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत